सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ९ मिति : २०७५/१०/१६

## भाग–२
## सियारी गाउँ कार्यपालिका

# मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः**

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय, परिवार तथा व्यक्तिहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य रोजगारी आयआर्जनका अवसरहरू तथा सामाजिक संरक्षण मार्फत जीवनस्तर सुधार गरी गाउँपालिकाको गरिबी निवारण गर्ने उद्देश्यले ५ नं. प्रदेश सरकारले अघि सारेको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत यस सियारी गाउँपालिका स्तरीय कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सञ्चालनको लागि मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ४ बुदा ७ को ई (ख) (१) ले दिएको अधिकार प्रयोग गरी सियारी गाउँपालिका, कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिको यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७५ रेहको छ ।

ख) यो कार्यविधि तुरून्तै लागु हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रस×ले अर्को अर्थ नलागेमा मुख्यमन्धी ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले परिभाषित गरेका विषयवस्तु बाहेक यस कार्यविधिमा,

क) “गाउँपालिका” भन्नाले सियारी गाउँपालिका रूपन्देहीलाई सम्झनु पर्दछ ।

ख) “वडा” भन्नाले गाउँपालिका अन्तर्गत रेहका सात वटा वडाहरू सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "मूल कार्यविधि" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सम्झनु पर्दछ ।

च) "लक्षित वर्ग/समूह" भन्नाले आर्थिक, सामाजिक वा शैक्षिक रूपले पछि परेको वर्ग, समूह, समुदाय, परिवार तथा व्यक्तिलाई सम्झनु पर्दछ। सो शब्दले शारिरिक रूपमा अपा×ता भएको वा कुनै प्रकृतिको दैवी वा प्राकृतिक प्रकोपबाट पिडित समेतलाई सम्झिनु पर्दछ ।

छ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका गैर नाफामूलक समुदायमा आधारित संस्थालाई सम्झनु पर्दछ ।

ज) "उपभोक्ता" भन्नाले यस कार्यक्रम सञ्चालन गर्दा सो परियोजनाले लक्षित गरेको वस्नु वा सेवा उपभोग गर्ने व्यक्ति, समूह वा संस्थालाई सम्झिनु पर्दछ ।

झ) "आयोजना" भन्नाले कार्यक्रमले अगाडी सारेका लक्षित वर्गका विषयमा सञ्चालन हुने परियोजनालाई सम्झनु पर्दछ ।

ञ) "तथ्याङ्क" भन्नाले कार्यक्रम सञ्चालकका सन्दर्भमा लिइएका प्राथमिक वा गाउँपालिका वा अन्य वैधानिक निकायले विभिन्न परियोजनाका लागि संकलन गरेका प्राथमिक वा दोश्रो प्रामाणिक तथ्याङ्कलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## कार्यक्रम छनोट तथा सिफारिस

**घ) बजेटको सीमा निर्धारण**ः समितिले सर्वप्रथम मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत गाउँपालिकालाई प्राप्त कुल बजेट (व्यवस्थापन खर्च बाहेक) लाई मूल कार्यविधिको दफा ६ को (अ), (आ) र (इ) मा उल्लेखित शीर्षकमा खर्च हुने बजेट भारको सीमा निर्धारण गर्नेछ।

४) लक्षित समूह तथा बस्तीको छनोटः

१) देहायको आधारमा कार्यक्रम सञ्चालनको लागि लक्षित समूह वर्गको छनोट गरिने छ ।

क) सम्बन्धित स्थानको तथ्याङ्क,

ख) समितिको अनुगमन गर्दाको बस्तुगत अवस्था,

ग) स्थानीय समुदायको आवश्यकता तथा माग,

घ) अन्य प्रसा×िक कुरा

**छ) परियोजनारूकार्यक्रम छनोटः**

क) कार्यक्रम छनोट गर्दा मूलतः मूल कार्यविधिको दफा ६ अन्तर्गत उल्लेखित शीर्षकहरूको अधिनमा रही छनोट गरिने छ ।

ख) कार्यक्रम छनोट गर्दा आवश्यक परेमा समिति सदस्यहरूलाई विषय क्षेत्रको जिम्मा दिन सकिने छ ।

ग) कार्यक्रम छनोट गर्दा गाउँ कार्यपालिका, वडा कार्यालय सम्बन्धित स्थानमा क्रियाशील सामुदायिक संस्था, टोल विकास संस्था, आमा समूह, बाल क्लव/सञ्जाल, युवा क्लव,

नागरिक सचेतना केन्द्र जस्ता संस्था समूहहरूको सहयोग लिन सकिने छ ।

घ) संकलन भएका आयोजना/कार्यक्रमहरूको सूची सदस्य सचिव मार्फत समितिमा पेश गरिने छ ।

ङ) सूचिकृत भएका आयोजना/कार्यक्रमबाट समितिले सर्वसम्मत रूपमा योजना छनोट तथा प्राथमिकिकरण गरी स्वीकृतिको लागि जिल्ला व्यवस्थापन तथा समन्वय समिति समक्ष सिफारिस गरी पठाउनु पर्नेछ ।

च) कार्यक्रमलाई सहज बनाउन तथा समन्वय सम्पर्क गर्न गा.पा.बाट एक जना कर्मचारीलाई कार्यक्रमको फोकल पर्सन तोकिने छ ।

## परिच्छेद -घ
## कार्यक्रम कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन

**६) कार्य तालिका बनाउनु पर्ने:**
जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट कार्यक्रम स्वीकृत भई आएपछि समितिले एक हप्ताभित्र कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाई समितिबाट स्वीकृत गरी लागु गर्नु पर्नेछ ।

**७)** योजना कार्यान्वयनको लागि मूल कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रममा लागु हुने भनि प्रदेश सरकारले निर्धारण गरेकोमा सोही बमोजिम हुने र अन्य अवस्थामा गाउँपालिकाको प्रचलित नियम कानून लागु हुनेछ ।

**८) अनुगमन तथा सुपरिवेक्षण समिति:** कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले अनुगमन तथा सुपरिवेक्षण समितिको रूपमा काम गर्नेछ । समितिमा आवश्यकतानुसार सम्बन्धित क्षेत्रको ज्ञाता वा प्राविधिकलाई सदस्यको रूपमा आमन्त्रण गर्न सकिने छ । यस बाहेक गाउँ कार्यपालिकाको अनुगमन समितिले समेत कार्यक्रमको अनुगमन गरी प्रतिवेदन दिन सक्नेछ ।

## परिच्छेद -४
## बैठक सञ्चालन तथा अन्य मापदण्ड

९) समितिको बैठक कम्तिमा महिनाको तीन पटक बस्नुपर्ने छ ।

१०) प्रति बैठक प्रति सदस्य रू.७००/- बैठक भत्ता उपलब्ध गराइने छ ।

११) अनुगमन मूल्याङ्कन कार्यमा फिल्डमा खटिए वापत समितिका सदस्यहरूलाई भ्रमण खर्च नियमावलीमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा नेपाल सरकार अधिकृत स्तरको कर्मचारी सरहको सुविधा उपलब्ध हुनेछ ।

## परिच्छेद -५

## संशोधन तथा खारेजी

१२) यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन तथा खारेजी गर्न सक्ने छ । कार्यविधि कार्यान्वयनको लागि आवश्यक परेमा मापदण्ड बनाई लागु गर्न सकिने छ ।

**प्रमाणिकरण मिति : २०७५/१०/१६**

**आज्ञाले**

**मिनप्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**